# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | २ | २ | | | दफा ११ को -- | दफा खारेज गरिने | गैरआवासीय नागरिकले गैर आवासीय नागरिकको कार्ड प्राप्त गरेपछि पनि भिसाको लागि आवेदन दिनुपर्ने व्यवस्था संविधानको मर्म विपरित भएको |
| २ | ३ | ३ | क | | " 'निर्णय गर्नुपर्ने.... ठहर्याएको समयावाधिभित्र'... शब्दहरूको सट्टा 'निर्णय गर्नुपर्ने......सात कार्यदिनभित्र' भन्ने शब्दहरू..." | प्रस्तावित संशोधनको सट्टा देहायको वाक्यांश राख्ने - 'निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित सूचना, प्रमाण वा कागजात प्राप्त भई सोको कार्यस्वरूप र नागरिक बडापत्रको कार्यविभाजनको कार्यसम्पादनको समीक्षाका आधारमा समयावधिभित्र' भन्ने शब्दहरू राखिएका छन्। | कामको स्वरूप हेरी, संवेदनशीलता र अध्ययनका लागि आवश्यक पर्ने समय राखेर, पहिलेको कार्यसम्पादनको समीक्षाका आधारमा निर्णय गर्नुपर्ने भएकाले |
| ३ | ३ | ७ | | | दफा ३७ पछि देहायको ३७(क) थप गरिएको छ..... | प्रस्तावित ३७(क) को उपदफा (२) पछि देहायको उपदफा (३) थप्ने र दफाक्रम मिलाउने: "(३) एपको डाटा सुरक्षा, गोपनियताको हक, डाटामा पहुँच आदी सम्बन्धी विस्तृत कानून नबनेसम्म ऐप संस्थागत गरिने छैन। " | जबसम्म तथ्याङ्कको सुरक्षा र पहुँचबारे कानून बन्दैन, ऐपलाई संस्थागत गरेमा नागरिकको सुरक्षा सुनिश्चित गर्न नसकिने भएकाले |

(१) नाम, थर: सुमना श्रेष्ठ    दस्तखत:    क्र. स.: २५२    मिति २०८१-११-०८